# विश्वविद्यालय अनुदान आयोग, गुणस्तर सुनिश्चितता तथा प्रत्यायन महाशाखाको विज्ञ सूचीमा सूचीकृत हुने सम्बन्धी जरुरी सूचना

विश्वविद्यालय अनुदान आयोगबाट कार्यगत स्वयत्तता प्राप्त गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद्ले नेपालमा स्थापित तथा संचालित विश्वविद्यालयहरु र अन्तर्गतका सम्पूर्ण स्कूल/केन्द्रीय विभागका साथै आङ्गिक, सामुदायिक र निजी क्याम्पसहरुको संस्थागत गुणस्तर परीक्षण गरी प्रत्यायनकृत गर्ने कार्य गर्दै आएको सन्दर्भमा उक्त प्रक्रियासँग सम्बन्धित समकक्षी परीक्षण (Peer Review) को कार्यमा सहभागी हुन परिषद्ले तोके बमोजिम निम्न योग्यता तथा अनुभव भएका इच्छुक विज्ञहरुलाई परिषद्को विज्ञ सूचीमा सूचीकृत भईदिनुहुन अनुरोध सहित आह्वान गरिन्छ । योग्य, अनुभवी र इच्छुक विज्ञहरुलाई आ-आफ्नो विशेषज्ञताको क्षेत्र खुल्ने गरी अद्यावधिक वैयक्तिक विवरण qaad@ugcnepal.edu.np वा ugc@ugcnepal.edu.np मा इमेल गरी पठाउनुहुन तथा सोझै आयोगको गुणस्तर सुनिश्चितता तथा प्रत्यायन महाशाखामा पेश गर्नुहुन सूचित गरिन्छ । साथै, यसअघि नै महाशाखाको विज्ञ सूचीमा सूचीकृत भइसक्नु भएका विज्ञहरुले पुन : सूचीकृत भइरहनु नपर्ने व्यहोरा पनि यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**आवश्यक न्यूनतम् योग्यता तथा अनुभव**

- मान्यता प्राप्त विश्वविद्यालयबाट विद्यावारिधि उपाधि प्राप्त गरेको,
- उच्च शैक्षिक संस्थामा प्राध्यापक पदमा कम्तिमा तीन वर्ष काम गरिसकेको,
- उच्च शिक्षाको अध्ययन, अध्यापन तथा अनुसन्धानका क्षेत्रमा उत्कृष्टता हासिल गरेको,
- गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सम्बन्धी कामको विधि, प्रक्रिया र पद्धतिबारे जानकारी तथा अभिरुची रहेको ।

**थप जानकारीका लागि**
**विश्वविद्यालय अनुदान आयोग, गुणस्तर सुनिश्चितता तथा प्रत्यायन महाशाखा, सानोठिमी, भक्तपुर, नेपाल**
**इमेल : qaad@ugcnepal.edu.np, पोष्ट बक्स नम्बर : १०७९६ (काठमाडौं, नेपाल)**
**फोन : ०१-६६३८५४८/४९/५०/५१, फ्याक्स : ०१-६६३८५५२**